# नेपाल स्टक एक्सचेन्ज लिमिटेड
(नेपाल सरकारको स्वामित्व भएको)
# Nepal Stock Exchange Limited
(An undertaking of Govt. of Nepal)


पत्र संख्या :
चलानी नं. :

## प्रेस विज्ञप्ति

दोस्रो बजार कारोबारमा आम जनताको सहभागितालाई प्रोत्साहन गर्न नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से)ले सञ्चालनमा ल्याएको पूर्ण स्वचालित अनलाइन कारोबार प्रणाली (नट्स) का सम्बन्धमा भएका विविध चर्चालाई सम्बोधन गर्न यो विज्ञप्ति जारी गरिएको छ।

इन्टरनेटको माध्यमबाट संसारको जुनसुकै ठाउँवाट प्रणालीमा प्रवेश गरी धितोपत्रहरुको खरिद बिक्रि आदेश प्रविष्ट गरी वास्तविक समयमा कारोबार गर्न सकिने प्रणाली लाई अनलाइन कारोबार प्रणाली भनिएको छ।

स्वचालित प्रणाली स्थापना गर्न नेप्सेले ४ फागुन २०७२ मा वाइको प्रा.लि. संग सम्झौता गरेको थियो। विभिन्न निकायमा परेको उजुरी, अदालती प्रक्रिया, प्रमुख कार्यकारी नियुक्तीमा ढिलाई, सदस्य दलालतर्फको तयारी लगायतका कारणले उक्त सम्झौताले अपेक्षित गति लिएको थिएन।

यद्यपि, आवश्यक तालिम तथा user manual/ video tutorial को निर्माण पछि श्रावण १, २०७५ बाट पुरानो र नयाँ प्रणाली सँगसगै सञ्चालन (parallel run) गरिएको थियो। parallel run बाट प्राप्त सुझावहरु लाई समावेश गरी असोज २, २०७५ देखि अभ्यास कारोबार (mock trading) को सुरु भयो। तत्पश्चात सबै ब्रोकरहरुले केन्द्रिकृत रुपमा private cloud मा आफ्नो तर्फको प्रणाली hosting गरी संचालन गर्न सक्ने व्यवस्था मिलाइएको स्मरणीय छ।

माननीय अर्थमन्त्री डा. युवराज खतिवडाज्यूले मिति २०७५ कार्तिक २० गते नेप्से अनलाइन कारोबार प्रणालीको समुदघाटन गर्नु भएको थियो। सोहि दिनदेखि नेप्से कारोबार प्रणाली (NOTS) औपचारिक रुपमा सञ्चालनमा छ। हाल नेप्सेको प्रणाली सिडिएसएन्ड क्लियरिङ लिमिटेड तथा ४ क्लियरिङ बैंकको प्रणालीसँग एकिकृत छ। नट्सलाई नेसनल क्लियरिङ हाउस लिमिटेड (NCHL) को प्रणालीमा आवद्ध गराई NCHL का सदस्य अन्य बैंक तथा वित्तीय संस्थामार्फत अनलाइन रकम हस्तान्तरणको व्यवस्था मिलाउने कार्यलाई पनि तदारुकताका साथ अगाडि बढाइएको छ।

यसैबीच, नेपाल धितोपत्र बोर्डको स्वीकृतिमा हाल प्रचलनमा रहेको सर्किट ब्रेकरको व्यवस्थामा परिमार्जन गरिएको छ। मिति २०७५/१२/१९ मंगलबारदेखि कार्यान्वयनमा ल्याउन लागिएको सर्किट ब्रेकरमा कारोबार सुरु भएको पहिलो घण्टामा नेप्से परिसूचक ४ प्रतिशतले घटे वा बढेमा १५ मिनट, दोस्रो घण्टामा ५ प्रतिशतले घटे वा बढेमा ३० मिनट र तेस्रो घण्टा वा त्यसपछिको समयमा ६ प्रतिशतले घटे वा बढेमा बाँकी पूरै दिनको कारोबार स्थगित हुने व्यवस्था मिलाइएको छ।


पो. ब. नं. १५५०, युएनआई शान्ति मार्ग, भद्रकाली काठमाडौं, नेपाल।
P. O. Box 1550, UNI Shantimarga, Bhadrakali, Kathmandu, Nepal.
Tel.: 4250755, 4250756, 4250757, 4250758, 4250759, 4250734, 4250735 Fax: 4262538
email : info@nepalstock.com

नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
(नेपाल सरकारको स्वामित्व भएको)
Nepal Stock Exchange Limited
(An undertaking of Govt. of Nepal)

**पत्र संख्या :**
चलानी नं. :

## नट्स कार्यान्वयनपश्चात कारोबारको अवस्था

| विवरण | अनलाइन अघि | अनलाइन पछि |
|---|---|---|
| जम्मा कारोबार (रुपैयाँ अर्बमा) | ३० | ३० |
| दैनिक औसत कारोबार (रुपैयाँ करोडमा) | ३४ | ३४ |
| उच्च कारोबार संख्या | १०,००० | १५,००० |
| कारोबार भएको अधिकतम सेयर संख्या (लाखमा) | ६० | १०० |

## अनलाइन प्रयोगकर्ता सम्बन्धी बिबरण

| बिवरण | अनलाइन प्रणाली |
|---|---|
| जम्मा अनलाइन लगानीकर्ता | ३५५७ |
| जम्मा कारोबार | २ अर्ब ५२ करोड |
| उच्च कारोबार रकम | २० करोड रुपैयाँ |
| दैनिक अनलाइन कारोबारमा सक्रिय लगानीकर्ता (औसत) | ५९६ |

## प्रमुख समस्या तथा समाधान

| सि. नं. | समस्या | समाधान |
|---|---|---|
| १. | डाटा डिस्प्ले | नयाँ प्रणाली वाट नेप्से वेबसाइटमा डाटा डिस्प्ले गर्दा data structure मा देखिएको समस्या समाधान गरी real-time data डिस्प्ले गरिदै आएको छ। |
| २. | लगानीकर्ताको Unique Client Code (UCC) generate. | data mismatch ले गर्दा ucc generate नहुने समस्या लाइ data clean गरी समाधान गरिएको छ। |
| ३. | पुरानो लगानीकर्ताको KYC update | सुरुवाती दिनमा पुरानो लगानीकर्ताको KYC विवरण अपूर्ण हुदा update मा समस्या रहेकोमा default data insert गरी समाधान गरिएको छ। |
| ४. | DNA login मा समस्या | प्रणालीको optimization गरी यो समस्या समाधान गरिएको छ। |
| ५. | नयाँ सूचीकरण भएको कम्पनीको पहिलो दिनको कारोबार | नयाँ सूचीकरण हुने कम्पनीको पहिलो दिन हुने कारोबारको लागी छुट्टै कारोबार सत्र ( special pre-open session) को व्यवस्था गरिएको। |
| ६. | GTC order modification. | GTC order modication को समस्या समाधान भएको। |

पो. ब. नं. १५५०, युएनआई शान्ति मार्ग, भद्रकाली काठमाडौं, नेपाल।
P. O. Box 1550, UNI Shantimarga, Bhadrakali, Kathmandu, Nepal.
Tel.: 4250755, 4250756, 4250757, 4250758, 4250759, 4250734, 4250735 Fax: 4262538
email : info@nepalstock.com

# नेपाल स्टक एक्सचेन्ज लिमिटेड
(नेपाल सरकारको स्वामित्व भएको)
# Nepal Stock Exchange Limited
(An undertaking of Govt. of Nepal)

पत्र संख्या :
चलानी नं. :

| | | |
|---|---|---|
| ७. | CDSC संग प्रणाली integeration | सुरुवाती दिनमा रहेको यो समस्या हाल नरहेको । हाल प्रणालीलाइ CDSC संग पूर्ण रुपमा integrate गरी DP holding check गरिदै आएको छ । |
| ८. | Clearing Banks संग integration . | हाल चार वटै clearing bank संग integration गरिएको छ । |
| ९. | प्रणाली संचालनमा ब्रोकरहरुको अभ्यस्तता | प्रणाली संचालन गर्नको लागी तालिम दिइएको, User Manual तथा video निर्माण गरी website मा राख्ने लगायतका कार्य गरी सदस्य दलालको कारोबार अभ्यासमा सुधार गरिएको । |
| १०. | मिति २०७५ फागुन २६ गते नेटवर्क connectivity मा देखा परेको समस्या | Protocol layer मा समस्या आई data mismatch भएको तर प्रणालीको समस्या तुरुन्त समस्या भए पनि ५० वटै ब्रोकरको कारोबार र आदेशको data clean गर्न समय लागेको हुदा सोहि दिन समय थप गरी कारोबार संचालन गर्न नसकिएको । हाल उक्त समस्या समाधान गरिएको । |
| ११. | ब्रोकरको प्रणालीमा Floorsheet display | प्रणालीमा admin ले प्रदान गरेको रोल अनुसार access परिवर्तन गरिएको । हाल Floorsheet कुनै समस्या नरहेको पुर्णरुपमा समाधान गरिएको छ । |

**बाँकी कार्य**

नट्सको प्रयोग गरी ब्रोकर तथा लगानीकर्ता स्वयमले दैनिक कारोबार गर्दै आइरहेका छन । सुरुवाती दिनमा रहेका समस्याहरु समाधान भइ प्रणाली स्थायित्वतिर गएको छ । लगानीकर्ताको सहभागिता समेत बढ्दै जानुका साथै कारोबार रकममा समेत बढोत्तरी भएको देखिन्छ । अन्तिम चरणको ISO certification को कार्य सम्पन्न गरी प्रमाणपत्र प्राप्त गर्नुपर्ने देखिन्छ ।
यसैगरी लगानीकर्ताको माग बमोजिम Multiple BOID उपलब्ध गराई कारोबारमा थप सहजता ल्याउनका लागि नियमक निकाय नेपाल धितोपत्र बोर्डमा अनुरोध गरी पत्राचार गरिएको छ ।

**सरोकारवालाबाट अपेक्षा**

दोस्रो बजार कारोबार विकासका सम्बन्धमा नेप्से अनलाईन प्रणाली एक कोसेढुंगो हो । यसको सम्बर्द्धनबाट लगानीकर्ता, बजार सञ्चालक, बजार सहभागी, नियमक निकाय तथा समग्र पुँजी बजारको हित हुने हाम्रो विश्वास छ । तसर्थ प्रणालीका बारेमा चलेका विविध चर्चालाई आआफ्नो तहबाट बुझ्ने प्रयास गर्न नेप्से आह्वान गर्दछ । हल्लाका भरमा नट्सका बारेमा गरिएका अनावश्यक टिकाटिप्पणीको पछि नलाग्न नेप्से अनुरोध गर्दछ । खासगरी दोस्रो बजारमा कारोबार गरिरहेका वा गर्न ईच्छुक लगानीकर्तालाई सदस्य दलालमार्फत usermae तथा password लिई अनलाइन प्रणालीमा सहभागी हुन नेप्से अनुरोध गर्दछ । सदस्य दलालमार्फत usermae तथा password निः शुल्क उपलब्ध हुन्छ । लगानीकर्तालाई usermae तथा password निः शुल्क उपलब्ध गराउन नेप्सेले सदस्य दलाललाई स्पष्ट निर्देशन दिइसकेको छ ।

पो. ब. नं. १५५०, युएनआई शान्ति मार्ग, भद्रकाली काठमाडौं, नेपाल ।
**P. O. Box 1550, UNI Shantimarga, Bhadrakali, Kathmandu, Nepal.**
**Tel.: 4250755, 4250756, 4250757, 4250758, 4250759, 4250734, 4250735 Fax: 4262538**
**email : info@nepalstock.com**

# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An undertaking of Govt. of Nepal)


**पत्र संख्या :**

चलानी नं. :

यसरी अनलाईन कारोबारमा संलग्न प्रयोगकर्ताहरु बाट प्राप्त रचनात्मक सुझावलाई यथाशक्य समावेश गर्दै लैजाने प्रतिवद्धता समेत नेप्से जाहेर गर्दछ । लगानीकर्ताको सुविधाका लागि हामीले हाम्रो website मा user manual तथा video पनि राखेका छौं । हाल स्वदेश तथा विदेशबाट अनलाइन प्रणालीमार्फत कारोबार गरिरहनुभएको लगानीकर्ता, सदस्य दलाल, नियमक निकाय, अर्थ मन्त्रालयबाट प्राप्त रचनात्मक सुझाव, सहयोग तथा समर्थनले हामीलाई अनलाइन प्रणालीलाई थप परिष्कृत गर्दै लैजान मद्दत पुग्ने अपेक्षा हामीले गरेका छौं ।

मिति : २०७५/१२/१७

मुराहरि पराजुली

प्रवक्ता


**पो. ब. नं. १५५०, युएनआई शान्ति मार्ग, भद्रकाली काठमाडौं, नेपाल ।**

**P. O. Box 1550, UNI Shantimarga, Bhadrakali, Kathmandu, Nepal.**

**Tel.: 4250755, 4250756, 4250757, 4250758, 4250759, 4250734, 4250735 Fax: 4262538**

**email : info@nepalstock.com**